प्रेस विज्ञप्ति

कार्तिक ११, २०८१

# धितोपत्रको दोश्रो बजारमा सूचिकृत भएका तथा नभएका कम्पनीहरुको संस्थापक शेयर खरिद बिक्री गर्न सहज गराउन "Offer for Sale-OFS" Platform संचालनमा ।

एन आई सी एशिया क्यापिटलले विगत लामो समयदेखि आफ्नो मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत धितोपत्रको दोश्रो बजारमा सुचिकृत भएका तथा सुचिकृत नभएका कम्पनीहरुको संस्थापक शेयरधनीहरुको शेयर प्रचलित कानून बमोजिम खरिद बिक्री गराइदिने सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ ।

सोही सेवालाई थप परिस्कृत गर्ने क्रममा नेपालमा सूचिकृत कम्पनीहरुको संस्थापक समूहको शेयर खरिद बिक्री गर्न निकैनै कानूनी प्रकृया पुरा गर्नुपर्ने देखिन्छ । त्यसै गरी सूचिकृत नभएका पब्लिक कम्पनीहरुको संस्थापक समूहको शेयर समेत कारोवर गर्न निकै झन्झटिलो प्रकृया रहेको र लगानीकर्ताहरुले चाहेको समयमा खरिदकर्ता तथा बिक्रीकर्ता नपाउँदा संस्थापक शेयरमा गरिएको लगानी फ्रिज भएर बसेको गुनासो लगानीकर्ताहरुबाट बारम्बार सुनिने गरेको हुँदा संस्थापक शेयर खरिद बिक्रीको लागि One Stop Solution उपलब्ध गराउने मुख्य उद्देश्यका साथ एन आई सी एशिया क्यापिटलले Offer for Sale (OFS) Platform संचालनमा ल्याएको छ ।

जस अन्तर्गत क्यापिटलले संस्थापक समूहको शेयर बिक्री तथा खरिद गर्न चाहने लगानीकर्ताहरुलाई अनलाईन मार्फत Common Platform बाट आफुले खरिद बिक्री गर्न खोजेको कम्पनीको विवरण रितपुर्वक क्यापिटलको वेभसाईट मार्फत उपलब्ध गराउनु पर्ने छ । उक्त विवरणको आधारमा क्यापिटलले सम्बन्धित कम्पनीको शेयर खरिदकर्ता वा बिक्रीकर्ता खोजि प्रचलित नियम कानुन अनुसार शेयर नामसारी सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउने छ ।

**Offer for Sale (OFS) Platform को विशेषता देहाय बमोजिम रहेका छन् ।**

- **सहज बिक्री प्रकृया :**
  संस्थापक समूहको शेयर बिक्री गर्न चाहने सम्बन्धित शेयरधनीहरुले क्यापिटलको वेभसाईटमा माग गरे बमोजिमको विवरण रितपुर्वक भरे पश्चात् उक्त विवरणको आधारमा सम्बन्धित कम्पनीको शेयर खरिदकर्ता खोजिदिने कार्य क्यापिटलले गर्ने छ ।
- **सहज खरिद प्रकृया :**
  कुनै पनि कम्पनीको संस्थापक समूहको शेयरमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई सोको विवरण उपलब्ध गराए पश्चात् क्यापिटलले उक्त कम्पनीको शेयर खोजि दिने कार्य गर्ने छ ।
- **सुरक्षित र गोपनियता कायम रहने ।**
  सम्बन्धित शेयर खरिदकर्ता तथा बिक्रीकर्ताको विवरण अति सुरक्षित तथा गोपनियता कायम हुने गरी प्राप्त विवरण सम्बन्धित अधिकारीले आवश्यक अध्ययन गरेर शेयर खरिद बिक्री सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउनेछ ।
- **सहज र सर्वसुलभ :**
  सम्बन्धित व्यक्ति तथा संस्थाहरुले आफुले खरिद बिक्री गर्न चाहेको सम्बन्धित कम्पनीको विवरण सहजै रुपमा स्वदेश तथा विदेशको जुन सुकै स्थानबाट पनि सहज र सर्वसुलभ रुपमा अनलाईन मार्फत विवरण उपलब्ध गराउन सक्नुहुने छ ।
- **खरिद बिक्री मूल्य निर्धारण गर्नको लागि Valuation Report उपलब्ध गराइने:**
  सम्बन्धित कम्पनीको Valuation गरेर संस्थापक समूहको शेयरको खरिद/बिक्री गर्नको लागि उचित प्रति शेयर खरिद बिक्री मूल्य निर्धारण गर्न सहयोग गर्ने ।

माथि उल्लेखित सेवा लिनको लागि क्यापिटलको वेभसाईत www.nicasiacapital.com वा सोझै OFS Platform - https://www.nicasiacapital.com/offer-for-sale मा क्लिक गरी कुन कम्पनीको संस्थापक समूहको शेयर खरिद वा बिक्री गर्न चाहेको हो सोको विवरण रितपुर्वक भरी आवेदन पेश गर्न सकिने छ । साथै उक्त सेवा लिन तथा सेवा सम्बन्धमा थप जानकारीको लागि क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग अधिकृत श्री दामोदर रायमाझीज्यूलाई मोवाईल नं.९८५११८४९७९ वा इमेल ठेगाना info@nicasiacapital.com मा सोझै सर्म्पक गर्न सकिने छ ।

Ramendra

............................

रामेन्द्र रायमाझी

प्रमुख कार्यकारी अधिकृत

मेरो लगानी, मेरो भविष्य

१ नेपाली एक DEMAT